गण्डकी प्रदेश सरकार

# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

☎ : ०६१-५३५०९५
📠 : ०६१-५३५०९५

पत्र संख्या : २०८०/०८१
चलानी नं. : ११४

मिति: २०८०/०४/२२

गण्डकी प्रदेश सरकार
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय (स्वास्थ्य)
पोखरा, नेपाल

बिषय : अस्पताल फार्मेसी संचालन सम्बन्धमा।

**श्री सरकारी, निजी, गैरसरकारी, सामुदायिक प्रतिष्ठान तथा मेडिकल कलेजहरु**

**गण्डकी प्रदेश , नेपाल।**

प्रस्तुत विषयमा नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च. न. ३९ मिति २०८०/०४/१६ को परिपत्रबारे अवगत नै होला । उक्त परिपत्रमा स्वास्थ्य नीति, २०७६ को रणनीति ६.१०.२, जन स्वास्थ्य सेवा ऐन, २०७५ को दफा २९, स्वास्थ्य संस्था संचालन मापदण्ड, २०७७ को परिच्छेद- १५, अस्पतालहरुको न्युनतम सेवा मापदण्डको २.५.१.४ तथा अस्पताल फार्मेसी निर्देशिका, २०७२ मा अस्पताल फार्मेसी संचालन कार्यान्वयन सम्बन्धी व्यवस्था रहेको तथा हाल अस्पताल फार्मेसी निर्देशिका, २०७२ कार्यान्वयनमा रहेको र उक्त निर्देशिकाको प्रस्तावना तथा दफा २० अनुरूप आफ्नै स्वामित्व रहेको अस्पताल फार्मेसी मार्फत अस्पतालमा प्रयोग हुने सम्पूर्ण औषधि तथा औषधिजन्य सामग्रीहरु २४ सै घण्टा बिरामी वा बिरामीको कुरुवाले प्राप्त गर्न सक्ने अवस्थाको सुनिश्चितता गरी अस्पतालले फार्मेसी सेवा प्रदान गर्नुपर्ने रहेको साथै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी अस्पतालहरुको न्यूनतम सेवा मापदण्डमा समेत अस्पताल हाता भित्र अस्पताल फार्मेसी बाहेक अन्य फार्मेसी हुँनुहुदैन भन्ने प्रावधान विद्यमान भएको कुरा उल्लेख गरिएको छ । साथै नीति, मापदण्ड, निर्देशिकामा व्यवस्था भए अनुसारको अस्पताल फार्मेसी संचालन कार्यान्वयन गर्नुहुन तथा हालसम्म पनि आफ्नै स्वामित्वमा अस्पताल फार्मेसी संचालनमा नरहेका स्वास्थ्य संस्था/ अस्पतालहरुले यो परिपत्र जारी भएको मितिले एक महिना भित्र आवश्यक प्रक्रिया पुरा गरी आफ्नै स्वामित्वमा अस्पताल फार्मेसी संचालन हुने व्यवस्था मिलाइ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा (email: qsrdmohp@gmail.com) पत्राचार गर्न हुन र सो नभएको पाइएमा कानुन बमोजिम आवश्यक कारवाही अघी बढाइने कुरा समेत उल्लेख भएको हुदा उल्लेखित व्यहोरा बमोजिमको प्रक्रिया कार्यन्वयन गर्नुहुन र सोको जानकारी यस सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश लाई गराउनुहुन आदेशानुसार अनुरोध छ।

२०८०।०४।२२

साजन बराल
फार्मेसी अधिकृत

**बोधार्थ :**

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौ।**